गण्डकी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक छनौट गर्ने प्रयोजनका लागि रोष्टरमा नाम समावेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७६/०९/०९)**

प्रदेश र स्थानीय तहका सरकारी निकाय तथा सार्वजनिक संस्थानहरूमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्ने उद्देश्यले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ बमोजिम स्थापित "गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान"को कार्यकारी निर्देशक छनौट गर्ने प्रयोजनको लागि रोष्टरमा नाम समावेश गराउन चाहनु हुने ईच्छुक उम्मेदवारहरुका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. **योग्यताः** (क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर गरी कम्तीमा दश वर्षको अनुभव भएको वा विद्यावारिधि गरी कम्तीमा पाँच वर्षको अनुभव भएको, (ख) ३५ वर्ष उमेर नाघेको, (ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी प्रमाणित नभएको, (घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको, र (ङ) गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग कुनै किसिमको स्वार्थ नबाझिएको।

२. **पेश गर्नु पर्ने कागजातः** (क) व्यक्तिगत विवरण (Curriculum Vitae)

   (ख) देहायका विषयहरु समेटिएको प्रशिक्षण प्रतिष्ठानको दीर्घकालीन सोच सहितको पाँच हजार शब्दसम्मको व्यावसायिक कार्ययोजनाः- (१) प्रतिष्ठानको संस्थागत विकास, (२) प्रतिष्ठानको शैक्षिक विकास, (३) प्रशासनिक व्यवस्थापन, (४) स्रोत साधनको परिचालन, र (५) समन्वय र सहकार्य।

   (ग) देहायका प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपिः- (१) नेपाली नागरिकताको प्रमाणपत्र, (२) शैक्षिक योग्यताको प्रमाणपत्र, र (३) अनुभवको प्रमाणपत्र।

३. **कागजात पेश गर्ने ठेगानाः** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शासकिय सुधार तथा समन्वय महाशाखा, गण्डकी प्रदेश, पोखरा, नेपाल अथवा विद्युतीय प्रति पेश गर्न ईच्छुक उम्मेदवारले यस कार्यालयको ईमेल ठेगाना ocmcm.gandaki@gmail.com मा उल्लिखित कागजात पेश गर्नु पर्नेछ।

४. **कागजात पेश गर्ने अन्तिम मितिः** यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र (मिति २०७६/०९/२३ गते बेलुका ४ बजेभित्र) ईच्छुक उम्मेदवारले उल्लिखित कागजात पेश गर्नु पर्नेछ।

५. **सम्पर्क व्यक्तिः** प्रस्तुत विषयमा थप जानकारी आवश्यक भएमा यस कार्यालयका शाखा अधिकृत श्री विकाश थापा मगर (९८५६०११८४७, ०६१४६७७४) सँग सम्पर्क राख्न सकिनेछ।